# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०७।०४ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

रौतहट जिल्लाको विभिन्न गाविसहरूमा अर्धसरकारी अनुदान रकम तथा सामाजिक सुरक्षा भत्ता, स्थानीय पूर्वाधार विकास निर्माणको रकम दुरुपयोग भई भ्रष्टाचार र अनियमितता भएकोले सम्बन्धित पदाधिकारी एवं कर्मचारी उपर आवश्यक छानविन गरी कानुनी कारबाही गरिपाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा साविक हथियाही गाविसका कार्यालय सहायक एवं हाल कटहरिया नगरपालिका वडा नं. ८ का वडा सचिव कदिरवावु देवानले साविक हथियाही गाविसको चालु तथा पुँजीगत खर्च जथाभावि खर्च लेखी, भ्रमण खर्च, पेश्की लिई फछ्यौंट नगरी, सामाजिक सुरक्षा भत्ताको रकम आफैंले बुझिलिई जम्मा रू.१२,५६,२७५।—(अक्षरूपी बाह्र लाख छपन्न हजार दुई सय पचहत्तर रूपैंया) बराबरको सार्वजनिक सम्पत्तीको हिनामिना, हानिनोक्सानी दुरुपयोग गरेको देखिएकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसुर अपराध गरेको पुष्टि हुन आएको हुँदा निज प्रतिवादी कदिरवावु देवानलाई विगो रू.१२,५६,२७५।—(अक्षरूपी बाह्र लाख छपन्न हजार दुई सय पचहत्तर रूपैंया) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम सजाय गरी हानिनोक्सानी भएको विगो ऐ. ऐनको दफा १७ वमोजिम निज प्रतिवादीबाट असुलउपर हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

**(प्रदीपकुमार कोइराला)**

**प्रवक्ता**